जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक ३५० • २०८२ असोज २२ गते बुधवार • 8 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

## मिथिला क्षेत्रसहित तराई-मधेशमा कोजाग्रत पूर्णिमाको अवसरमा महालक्ष्मीको पूजापाठ गर्दै रातभर जाग्राम बस्ने परम्परा उल्लासपूर्वक मनाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ असोज**

मिथिला क्षेत्रसहित तराई-मधेशमा कोजाग्रत पूर्णिमाको अवसरमा महालक्ष्मीको पूजापाठ गर्दै रातभर जाग्राम बस्ने परम्परा उल्लासपूर्वक मनाइँदै छ।

यसैसँग विजयादशमी पर्वको औपचारिक समापन हुने परम्परा रहँदै आएको छ। कोजाग्रत पूर्णिमासँगै विजयादशमीको औपचारिक समापन पनि हुने परम्परा अनुसार आज कोजाग्रत पूर्णिमा मनाउन लागिएको हो । मिथिला क्षेत्रमा यो पर्वलाई 'कोजगरा' नामले चिनिन्छ र सेतो वस्त्र धारण गर्ने, मखानको खीर बनाएर लक्ष्मीको आराधना गर्ने चलन आज पनि कायम छ । प्राचीन कालदेखि चलिआएको यस परम्परामा धार्मिक आस्था मात्र होइन, पारिवारिक एकता र सांस्कृतिक निरन्तरताको सन्देश पनि निहित छ। यस दिन सेतो वस्त्र धारण गर्ने, मखानको खीर बनाएर छतमा अर्पण गर्ने र महालक्ष्मीको आराधना गर्ने चलन मिथिलाको विशेषता हो । जनकपुरधामस्थित जानकी मन्दिरमा आज (मङ्गलबार) विशेष कोजगरा पूजाको तयारी गरिएको छ । मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवका अनुसार कोजगरा पूर्णिमा मिथिलाको संस्कार र श्रम-संस्कृतिको प्रतीक हो । उहाँले भन्नुभयो, "कोजगरा केवल पूजाको दिन होइन, यो हाम्रो जीवनशैलीसँग गाँसिएको परम्परा हो। यसलाई निरन्तरता दिन सके मात्रै संस्कृतिको जगेर्ना सम्भव छ ।" यस अवसरमा महोत्तरीको रतौलीको ठाकुर परिवारबाट भार (कोसेली) ल्याउने परम्परा सदियौँदेखि कायम छ। रतौली निवासी महेन्द्र ठाकुरको परिवारबाट यस वर्ष पनि फलफूल, मिठाइ, दही, चिउरा, पान र मखानसहितका भार जानकी मन्दिरमा अर्पण गरिएको छ।



कोजगरा मिथिलाको सामाजिक सम्बन्ध सुदृढ पार्ने पर्वका रूपमा पनि परिचित छ। विवाहपछि पहिलो कोजगरा मनाउने नवविवाहित दम्पतीका लागि यो दिन विशेष महत्त्वपूर्ण मानिन्छ । बेहुलीका परिवारले बेहुला पक्षका महिला सदस्यहरूका लागि कपडा र मिठाइ पठाउने परम्परा अझै जीवित छ। तर नयाँ पुस्तामा आधुनिकताको प्रभावले यी परम्पराहरू मन्द हुँदै गइरहेको चिन्ता महन्थ दासले व्यक्त गर्नुभयो। उहाँका अनुसार कोजगरा जस्ता पर्वले मिथिलाको सांस्कृतिक पहिचान जोगाउने अवसर दिन्छन्, जसलाई स्थानीय युवाले उत्सवको रूपमा लिन आवश्यक छ । यसदिन जनकपुरधामस्थित जानकी मन्दिरमा भक्तजनहरूको घुइँचो लागेको छ ।

मन्दिर परिसरमा पूजाका सामग्रीहरू पान, मखान, फलफूल र मिठाइ किन्ने श्रद्धालुहरूले चहलपहल समेत बढाएका छ ।

## महोत्तरीका बजारमा विगतका वर्षको जस्तो कोजाग्रत पूर्णिमाको कुनै चहलपहल देखिएन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ असोज**

दसैंको अन्तिम दिन तिथि अनुसार कोजाग्रत पूर्णिमा भए पनि महोत्तरीका बजारमा विगतका वर्षको जस्तो कुनै चहलपहल छैन । यस वर्ष बाढी डुबानका कारणले बजारमा कोजाग्रत पूर्णिमाको चहलपहल हुन नसकेको हो ।

विगत दुई दिनदेखिको अविरल वर्षाका कारण महोत्तरीका विभिन्न क्षेत्र बाढी र डुबानले चपेटामा परेको छ । सदरमुकाम जलेश्वरको बजार क्षेत्रमा पनि बाढी पसेको छ । जलेश्वर बजारका अधिकांश घर जलमग्न अवस्थामा छन् । बजार जाने सडकसमेत अवरुद्ध छन् । दसैंको अन्तिम दिन धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरी कोजगरा (कोजाग्रत पूर्णिमा) मनाइन्छ । कोजाग्रत पूर्णिमालाई विधिवत् रूपमा दसैंको समापन तथा तिहारको स्वागतका रूपमा लिने गरिन्छ । मिथिला क्षेत्रमा भने कोजाग्रत पूर्णिमालाई 'कोजगरा' का रूपमा मनाइने गरिन्छ । यस दिन पान र मखान खानुपर्ने चलन मिथिलामा रहिआएको छ। पान र मखान स्वर्गमा पनि पाइँदैन भन्ने मान्यता छ। त्यसै गरी मिथिलाञ्चलमा ब्राह्मण लगायतका परिवारमा कोजगरा पर्वको रौनक नै छुट्टै हुन्छ । यस दिन नवविवाहित बेहुलीको घरबाट बेहुलाको घरमा कोसेली (भार) लिएर जाने चलन रहेको छ । मिथिलाञ्चलमा मधुश्रावणीका अवसरमा बेहुलाका घरबाट बेहुलीका घरमा भार (कोसेली) लगिन्छ भने कोजगरामा बेहुलीका घरबाट बेहुलाका घरमा पान, मखान, फलफूल, दही, मिठाईलगायतका सामग्री लिएर जाने गरिन्छ ।



यस दिन भारसँगै चुमाओन विधि (आशीर्वाद दिने) तथा आफन्त इष्टमित्रलाई भोज खुवाउने प्रचलन रहेको छ । घर घरमा माता लक्ष्मीको पूजापछि परिवारका सबै सदस्यले केरा, पान र मखान खाने गर्छन् । आश्विन शुक्ल प्रतिपदा (घटस्थापना) का दिनदेखि सुरु भएको दुर्गापक्ष अर्थात् दसैं कोजाग्रत पूर्णिमाका दिन सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधना गरी राति जाग्राम बसेपछि समापन हुन्छ ।

## महोत्तरीको गौशालामा भक्तजनहरुद्वारा धुमधामका साथ देवी दुर्गाको प्रतिमा बिसर्जन



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ असोज**

महोत्तरीको गौशालामा भक्तजनले मंगलबार धुमधामका साथ देवी दुर्गाको प्रतिमा बिसर्जन गरेका छन् । उनीहरूले जयजयकारको नारा सहित हर्षोल्लासकासाथ नाँचगान गर्दै दुर्गाको प्रतिमा बिसर्जन गरेका हुन् । अन्य ठाउँमा विजया दशमीको दिन दुर्गा विसर्जन भए पनि गौशालामा भने प्रत्येक वर्ष झैं यस वर्ष पनि कोजाग्रत पूर्णिमाको दिन माता दुर्गाको प्रतिमा विसर्जन गरिएको छ ।

गौशाला नगरपालिकाको गौशाला बजार र निगौल चोकमा मनाइने दुर्गा पूजामा यस क्षेत्रसहित अन्य ठाँउबाट समेत हजारौंको संख्यामा श्रद्धालुहरू पूजा तथा मेला हेर्न आएका थिए । मंगलबार दुवै ठाउँमा रहेका माता दुर्गाको प्रतिमालाई नगर क्षेत्रमा घुमाएर पोखरीमा विसर्जन गरिएको हो।गौशालाको मूर्तिलाई रजखोर स्थित मलहनीया पोखरीमा विसर्जन गरिएको छ भने निगौल चौकको मूर्ति निगौल ठाकुर पोखरीमा विसर्जन गरिएको छ ।

गौशाला नगरपालिका १० बस्ने मानिकलाल महतोका अनुसार, "गौशालामा दुर्गा बिसर्जन धार्मिक आस्था र सांस्कृतिक उत्सवको प्रतीकका रूपमा मनाइन्छ । यहाँको दुर्गा पूजा केवल पूजापाठमा सीमित छैन, यसले स्थानीय एकता,परम्परा र आपसी सद्भावलाई झल्काउँछ। प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाको दिन हुने बिसर्जनमा स्थानीय मात्र होइन,वरपरका गाउँ र नगरबाट समेत हजारौं श्रद्धालु सहभागी हुन्छन्," उनले बताए । उनका अनुसार, यस वर्ष पनि बिसर्जन कार्यक्रम अत्यन्तै शान्तिपूर्ण र उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# उत्पादन र मौलिकतामा ध्यान दिन जरुरी

*नेपाल पर्यटनको ठुलो सम्भावना भए पनि त्यसको प्रभावकारी सदुपयोग गर्न नसकिएको देखिन्छ । कुल गार्हस्थ उत्पादनमा तीन प्रतिशतको हाराहारीमा योगदान रहेको पर्यटन रोजगारी र स्वरोजगारीको महत्वपूर्ण र विस्तारित क्षेत्र रहेको देखिन्छ। पर्यटनलाई गाउँस्तरदेखि सहरी अर्थतन्त्रसम्म थप विस्तार गर्न सकिने अनन्त सम्भावना रहेको देखिन्छ । पछिल्लो दशकमा होटेल, रिसोर्ट, होमस्टे, पर्वतीय पदयात्रा, हिमाल लगायतका माध्यमबाट पर्यटकीय सुविधा र गन्तव्य बढे पनि पनि पर्यटक सङ्ख्यामा भने सो अनुरूप विस्तार हुन नसकेको देखिन्छ। नेपाली मौलिकता झल्कने गरी पर्यटन पूर्वाधार विस्तारलाई जोड दिनु आवश्यक रहेको देखिन्छ।*

*युरोप र अमेरिकाका गुणस्तरीय पर्यटक आकर्षण गर्न त्यसै अनुसारका पर्यटकीय उत्पादन आवश्यक पर्ने देखिन्छ । यताका वर्षमा भारत र चीनबाट ठुलो सङ्ख्यामा पर्यटक आइरहेको देखिन्छ । त्यसलाई अझ बढाउन सकिने देखिन्छ । ठुलो सङ्ख्यामा पर्यटक ल्याउने नीतिसँगै बढी खर्च गर्ने, बढी समय नेपालमा बिताउने गुणस्तरीय पर्यटक पनि ल्याउनु जरुरी रहेको देखिन्छ । पर्यटकलाई नेपाली उत्पादनमै रमाउने वातावरण पनि बनाउनु आवश्यक रहेको देखिन्छ । आयातित खाना, बसोबासका नाना र पूर्वाधारले मात्र पर्यटक प्रवर्धनमा सहयोग हुन सक्दैन । देशीय उत्पादन र मौलिकतामा पनि ध्यान दिन अत्ति आवश्यक रहेको देखिन्छ ।*

# कारागारमा रहेका कैदीबन्दीहरू अहिले सुरक्षित स्थान र खानाको समस्या झेल्न बाध्य

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ असोज**

असोज १८ गतेदेखिको अविरल वर्षाका कारण महोत्तरीस्थित जिल्ला कारागार जलेश्वर डुवानमा परेको छ । कारागारमा रहेका कैदीबन्दीहरू अहिले सुरक्षित स्थान र खानाको समस्या झेल्न बाध्य भएका छन् । कारागारका निमित्त प्रमुख रबिन ठाकुरका अनुसार कारागारभित्र करिब चार फिटसम्म पानी पसेको छ।

कुल २ सय ७५ जना कैदीबन्दी रहेको कारागारमा बस्ने ठाँउ, खाद्यान्न, खानेपानी र शौचालयको समस्या उत्पन्न भएको छ। उहाँले पुरानो दुई तल्ले भवनमा सबैलाई सारिएको भए पनि खानाको अभावमा कैदीबन्दीहरू भोकै बस्न बाध्य भएको बताउनुभयो। जलेश्वर



नगरपालिकाले असोज १९ गते ५० कार्टुन पानी, ५० केजी भुजा र ५० कार्टुन चाउचाउ राहतस्वरूप उपलब्ध गराएको कारागार प्रशासनले जनाएको छ । तर, कारागारमा वृद्ध तथा दीर्घरोगी कैदीबन्दीहरू पनि रहेकाले थप राहत र सहयोगको आवश्यकतामा रहेको कारागार प्रमुख ठाकुरले जानकारी दिनुभयो।

०८२ भदौ २४ गते जलेश्वर कारागारमा जेनजी आन्दोलनका क्रममा ५ सय ७५ जना कैदीबन्दी फरार भएका थिए। तीमध्ये आफैं फर्किएका र प्रहरीले नियन्त्रणमा लिएका समेत गरी हाल २ सय ७५ जना कैदीबन्दी कारागारमा रहेका छन्।

# करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूद्वारा आन्दोलनमा उत्रिने चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २१ असोज**




कटहरिया नगरपालिकामा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूले आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। नगरपालिकाका वडा नम्बर १ देखि ९ सम्म कार्यरत करार र ज्यालादारी कर्मचारीहरूले शुक्रबार योजना प्रमुख तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत रामनरेश यादवलाई ज्ञापनपत्र बुझाउँदै बक्यौता तलब तथा सेवा-सुविधा तुरुन्त भुक्तानी गर्न माग गर्दै आन्दोलनको चेतावनी दिएका हुन्।

पटक-पटक माग गर्दा पनि मेयर अजय प्रकाश जैसवालले आश्वासन मात्रै दिएको तर समस्या समाधान नभएको उनीहरूले गुनासो गरेका छन्। अनि अब बाध्य भएर आन्दोलनमा जानुपर्ने अवस्था आएको उनीहरूले बताएका छन्।

शान्तिपूर्ण धर्ना दिने, वडा र नगरपालिका कार्यालय बन्द गर्ने आन्दोलनको कार्यक्रम रहेको उनीहरूले चेतावनी दिएका छन् । नगरपालिकाका योजना प्रमुख तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले ज्ञापनपत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत गणेश नेपाली बिदामा रहेका र उनी कार्यालयमा हाजिर भएपछि मात्र केही गर्न सकिने बताएका छन्।

तीन दर्जनभन्दा बढी करार तथा ज्यालादारी कर्मचारीहरुको समूहले ज्ञापनपत्र बुझाएका हुन् । समस्या चाँडो समाधान नभए कर्मचारीहरूले आन्दोलनलाई थप चर्काउने चेतावनी दिएका छन्।




अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# डार्फर युद्ध अपराधमा सुडानी मिलिशिया प्रमुख दोषी ठहर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज



अन्तर्राष्ट्रिय फौजदारी अदालतले सोमबार सुडानी मिलिशिया प्रमुख अली मोहम्मद अलि अब्द-अल-रहमानलाई डार्फरमा भएको क्रूर आक्रमणको क्रममा युद्ध अपराध र मानवता विरुद्धको अपराधको लागि दोषी ठहर गरेको छ।

आइसिसीले अब्द-अल-रहमानलाई सन् २००३ अगस्टदेखि सन् २००४ अप्रिलसम्म भएका बलात्कार, हत्या र यातनासहित विभिन्न अपराधहरूमा दोषी ठहर गरेको हो । आइसिसीका प्रमुख न्यायाधीश जोआना कोर्नरले अभियुक्त निर्दोष नरहेकोमा अदालत पूर्ण रूपमा विश्वस्त रहेको बताइन्। उनले सामूहिक बलात्कार, दुर्व्यवहार र सामूहिक हत्याका डरलाग्दा विवरणहरूले रहमानलाई दोषी प्रमाणित गर्ने पर्याप्त आधारहरू रहेको पनि बताइन्। न्यायाधीश कोर्नरले रहमानले लगभग ५० जना नागरिकहरूलाई ट्रकमा हालेर केहीलाई धारीलो हतियारले प्रहार गर्न लगाएको र त्यसपछि उनीहरूलाई गोली हानेर मार्न आदेश दिएको पुष्टि भएको बताइन्। उनले रहमानले आदेश मात्र नदिएर व्यक्तिगत रूपमा कुटपिटमा संलग्न भएको र मृत्युदण्डको आदेश दिएको प्रमाण भेटिएको समेत बताएकी छिन्। अब्द-अल-रहमान सुडानको कुख्यात जन्जाविद मिलिसियाका प्रमुख सदस्य थिए र धेरै युद्ध अपराधहरूमा 'सक्रिय' रूपमा सहभागी थिए । सन् १९४९ मा जन्मेका यी मिलिशिया प्रमुखले अदालतमा सुनुवाइका क्रममा आफूमाथि लागेका सबै आरोपहरू अस्वीकार गरेका थिए। उनले आफूलाई 'अली कुशायब' भनेर अदालतले खोजेको व्यक्ति नभएको दाबी गर्दै "ममाथि लगाइएको आरोपसँग मेरो कुनै सम्बन्ध छैन," भनेका थिए।

# ६० करोड ठगी मामिलामा शिल्पा शेट्टीसँग घण्टौं बयान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज



मुम्बई प्रहरीको आर्थिक अपराध शाखा (ईओडब्ल्यू) ६० करोड भारु ठगी मामिलामा बलिउड अभिनेत्री शिल्पा शेट्टीसँग घण्टौं 'बयान लिएको छ। एक व्यापारीसँग सम्बन्धित ६० करोड भारु ठगी मुद्दाको सम्बन्धमा शेट्टीलाई ईओडब्ल्यूले झन्डै चार घण्टा तीस मिनेट सोधपुछ गरेको समाचारमा जनाइएको छ।

यस मामिलामा अहिलेसम्म शिल्पाका पति राज कुन्द्रा सहित पाँच जना व्यक्तिको बयान रेकर्ड गरिएको छ। अनुसन्धान एजेन्सीको ध्यान अब सम्पूर्ण लेनदेन भएको कम्पनीमाथि छ । शिल्पा र राज दुवै जना यो कम्पनीमा निर्देशक थिए । के हो मामिला ? व्यापारी दीपक कोठारीलाई राज र शिल्पाले ऋण-सह-लगानी सम्झौतामा ६० करोड भारु ठगी गरेको आरोप छ। कोठारीले अगस्टमा जुहू प्रहरी चौकीमा उजुरी दर्ता गरेपछि ईओडब्ल्यूलेले मुद्दा आफ्नो हातमा लिएको थियो। अनुसन्धानको क्रममा धेरै वित्तीय कागजातहरू र बैंक कारोबारहरूको जाँच भइरहेको छ।

मुद्दामा मुछिएको कम्पनी होम सपिङ र अनलाइन रिटेल मञ्च हो । कम्पनी अब लिक्विडेशनमा गएको छ । यस मामिलामा ईओडब्ल्यूले रिजोलुसन प्रोफेशनल राजेन्द्र भुतडाको बयान पनि रेकर्ड गरेको छ। भुतडालाई साक्षीको रूपमा बोलाइएको थियो। कम्पनीको वित्तीय लेनदेनमा धेरै अनियमितताहरू भएको उनले बताएका छन्। के भन्छन् राज कुन्द्रा ? आफूले बिपाशा बसु, नेहा धुपिया र एकता कपूर जस्ता बलिउड सेलिब्रेटीहरूलाई व्यावसायिक शुल्कको रूपमा पैसाको एक हिस्सा तिरेको राजले भनेका छन्। तर, यी दाबीहरू अझै पुष्टि भएका छैनन्। यी भुक्तानीहरू लगानी सम्झौतासँग प्रत्यक्ष रूपमा सम्बन्धित थिए।

# अमेरिकी डलरको भाउमा सामान्य वृद्धि, युरोमा सामान्य उतारचढाव

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज




नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको विनिमय दरअनुसार अमेरिकी डलरको भाउमा सामान्य वृद्धि भएको छ भने युरोपियन युरोको भाउमा सामान्य उतारचढाव आएको छ।

नेपाल राष्ट्र बैंकका अनुसार आज अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७६ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३६ पैसा कायम भएको छ। सोमबार डलरको खरिद दर १४१ रुपैयाँ ७४ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३४ पैसा रहेको थियो। यसरी डलरको भाउ प्रति डलर दुई पैसाले बढेको छ। त्यस्तै, युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ ४९ पैसा र बिक्रीदर १६६ रुपैयाँ १९ पैसा तोकिएको छ । हिजो ( सोमबार) युरो एकको खरिददर १६६ रुपैयाँ ४४ पैसा थियो। साथै युके पाउण्ड स्ट्रलिङ एकको खरिदर १९० रुपैयाँ ३६ पैसा र बिक्रीदर १९१ रुपैयाँ १७ पैसा, स्वीस फ्रयाङ्क एकको खरिदर एक सय ७७ रुपैयाँ ६० पैसा र बिक्रीदर १७८ रुपैयाँ ३५ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिदर ९३ रुपैयाँ ५० पैसा र बिक्रीदर ९३ रुपैयाँ ९०, क्यानेडियन डलर एकको खरिदर १०१ रुपैयाँ ५६ पैसा र बिक्रीदर १०१ रुपैयाँ ९९ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय ९ रुपैयाँ ५६ पैसा र बिक्रीदर ११० रुपैयाँ ०३ पैसा निर्धारण गरिएको छ ।

# नेपाल २२ वर्षपछि भियतनामविरुद्ध खेल्दै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज




एसिया कप फुटबल २०२७ छनोटको तेस्रो चरणको समूह 'एफ' मा नेपाल चार टिममध्ये अन्तिम स्थानमा छ । अहिलेसम्म खेलेका दुवै खेलमा नेपाल पराजित छ । त्यसको अर्थ नेपाल अंकविहीन छ । जित्नैपर्ने लाओसविरुद्धको खेलमा पनि नेपाल पराजित भयो । तर, स्थिति अप्रत्यासित रूपमा के तयार भएको छ भने नेपालले आफ्नो अनुकूल बनाउन सक्छ । यो समूहका अरू दुई टिम मलेसिया र भियतनाम छन् ।

मलेसिया दुई खेल जितेर ६ अंकसहित शीर्षमा छ भने त्यसपछि भियतनाम ३ अंक लिएर दोस्रो स्थानमा छ । त्यसपछि लाओसको पनि ३ अंक नै छ। पछिल्लो समय नेपाली फुटबललाई कोही एक प्रतिद्वन्द्वीसँगको हारले पिरोलेको छ भने त्यो लाओस विरुद्ध नै हो । नेपालले मलेसिया विरुद्धको पहिलो खेल २-० ले गुमाएको थियो ।

त्यसपछि लाओससँग २-१ ले स्तब्ध भयो । लाओस त्यस्तो टिम थियो, जोसँग नेपाल यसअघि पराजित भएकै थिएन । अबको नयाँ स्थिति केभन्दा मलेसियालाई एसियाली फुटबल महासंघ (एएफसी) ले कारबाही गर्दै छ, अयोग्य खेलाडी खेलाएको आरोपमा । मलेसिया साँच्चै कारबाहीमा पऱ्यो भने नेपाललाई त्यस खेलबाट उल्टै ३ अंक प्राप्त हुनसक्छ । यस्तोमा नेपालसामु उत्साही हुने र अबका खेलमा राम्रो प्रदर्शन गर्ने आधार तयार हुनसक्छ । यही पृष्ठभूमिमा नेपाली राष्ट्रिय फुटबल टिमले भियतनामको सामना गर्दै छ र त्यसका लागि मंगलबार होचिमिन सिटीतर्फ जाँदै छ ।



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# झरीमा तुइनको दु:खमय धुन




-उपन्यासले भूमिराज र मालतीको प्रेम, परिवारको मृत्यु, र द्वन्द्वको पीडालाई संवेदनशील तरङ्ग र गम्भीर कथानकमा बुनेको छ । लेखकले विषाद भावनालाई गहिरो तर सहज रूपमा व्यक्त गर्दै पाठकलाई पात्रसँग अन्तर्क्रिया गराउन सफल भएका छन् । उपन्यासको बीचतिर एउटा चिठी छ, प्रमुख पात्र मालतीले लेखेको । त्यहीँ पुगेको थिएँ, चिठी पूरै पढ्न सकिनँ । आफ्नो पढ्ने कोठा, जहाँ म थिएँ, पहिले त्यसको चुकुल लगाएँ । अनि उपन्यासलाई तत्काल आँखामा नपर्ने गरी डेस्कमुनि राखेर बिस्तरामा पल्टिँदै टिस्युले आँसु पुछें । घरका कसैले देखेर के भयो भन्लान् भन्ने अब भएन । तत्काल कोही बोल्न आए बोल्न सक्ने स्थिति पनि थिएन । गलाको अवस्थाले न मनको ।


यसअघि मनभित्रै यतिसारो म कहिले भक्कानिएको थिएँ सम्झन पनि मन लागेन । तुइनको जुन कथावस्तु छ त्यसलाई 'न्यारेट' गर्ने उपन्यासका किशोर पात्रले मभित्र आँधी सिर्जना गरेका थिए । चिठी लेख्ने मालती ती किशोरकी प्रेयसी थिइन् । तर त्यसबाट पाठकमा कस्तो भाव पैदा गर्ने भनेर अविरल 'मोडरेट' गर्ने भने किशोर नै थिए । त्यही भावको झङ्कारमा अडिएको मलाई रोकिएको पानाबाट अगाडि बढ्न अर्को दिन पर्खन पर्‍यो । तर संवेदनामा उद्वेलित भएर पढ्न नसकेको त्यस क्षण मलाई आफू फेरि धनी भइरहेको अनुभूति भयो ।

प्रत्येक पटक सुन्दर चीज पढ्दा म धनी भएको अनुभव गर्छु । जब आफूभित्रको संवेदना थप केही निखारिन्छ, आफ्नै 'बेटर भर्जन'सँग संवाद गर्दा सुन्दर लाग्छ । तुइनले मलाई कसरी त्यस्तो बनायो, त्यो भन्छु । पहिलो पटक मैले तुइन छापिनेबित्तिकै पढेको हुँ, निकै उत्सुकतासाथ । सुरेश प्राञ्जलीको पहिलो उपन्यास, त्यसमा पनि सार्वजनिक हुनुभन्दा केही दिनअघि नै पढ्ने सुअवसर पाएको ममा यसको विषय कस्तो होला भन्ने त छँदै थियो । कथा कसरी भनिएको छ होला, लेखनशैली कस्तो होला, कुनै पूर्वाभास थिएन । तर उपन्यास सुरु गर्नेबित्तिकै एउटा अनौठो सम्मोहनले खिचेको अहिले पनि राम्रोसँग सम्झना छ । एउटा गम्भीर विषयलाई लयात्मक शैलीमा सलल बग्ने गरी कथामा कसरी बुन्न सकेका होलान् भन्ने त्यति बेलै लागेको थियो । तुइनले आफ्नो दशवर्षे यात्रा पूरा गर्दा म यसलाई दोस्रो पटक पढ्ने तयारीमा थिएँ । बाहिर असारको झरी झमझम परिरहेको थियो । ६ वर्षदेखि नेपालबाहिर रहेका कारण मलाई काठमाडौंको बर्खे मौसम 'मिस' भइराखेको थियो । म घरी तुइन पढ्दै, घरी पानीको सङ्गीत सुन्दै बसिरहें ।

तुइन फेरि पढ्नका लागि मैले सायद झरी सकिन दिनुपर्ने थियो । घाम लागेको दिन पढेको भए त्यसरी पढ्नै नसक्ने गरी रोकिनुपर्ने थिएन कि ? झरीले जमिन मात्र होइन, मन पनि कमलो बनाउँछ होला कि ? तर जे भयो सो त भई नै हालेको छ । अहिले सोच्दा समयको यो संयोगप्रति म अनुगृहीत छु । झरीमा मैले सुनेको तुइनको सङ्गीत 'मेलङ्कलिक' थियो । र तुइनको बयान यसरी गर्न मन लागेको छ कि, यस उपन्यासमा कर्नाली विषय होइन, परिवेश हो । र ५२ सालपछि सुरु भएको सशस्त्र द्वन्द्व त झन् त्यो परिवेशभित्रको परिवेश हो । विषय त एउटा १४-१५ वर्षे किशोर हो । उसले बाँचेको संसार हो । र उसले हामीलाई आफ्नो संसारबारे जसरी भन्छ नि, त्यो सुन्दा हामीभित्र छचल्किने आआफ्नो संसार हो । त्यो संसार 'मेलङ्कली'को हो । विषादताको, उदासीको, आत्मपरीक्षाको हो । कलिला भूमिराजको जीवनमा जे-जे घट्छ, त्योसँग साक्षात्कार भएपछि पाठकका मनका कुन-कुन पत्र कसरी खुल्लान् ? र उसलाई लाग्ला, मेरो मनभित्र त्यति धेरै के-के रहेछ, त्यो मलाई किन थाहा नभएको होला ? पाठकले त्यो किशोरको संसारसँग अन्तर्क्रिया गर्दा उसले आफूभित्र जे भेटाउँछ नि, तुइनको विषय त्यो हो । यसरी हेर्दा, तपाईंले तुइन पढ्दा यसको विषय तपाईं नै हो । साँझ झर्दै गर्दा सुरू भएर साँझमै अस्ताउने यस उपन्यासको दोस्रो पानामै पहिलो मृत्यु घट्छ । प्राञ्जलीले पाठकमा 'मेलङ्कली'को 'मुड' सिर्जना गर्न धेरै शब्द र समय खर्चन आवश्यक देख्दैनन् । यस्तो लाग्छ, उपन्यास सुरू हुनुभन्दा पहिले नै लेखक यथेष्टतामा त्यसमा भिजिसकेका छन् । त्यसैले दुई-चार पानामै थाहा भइहाल्छ, अगाडि बढ्दै जान पाठक केका लागि तयार हुनुपर्नेछ । एक दर्जन जति पाना अगाडि बढ्न नपाउँदै जब भूमिराजकी आमाको मृत्यु हुन्छ र त्यसले ती कलिला युवालाई पारेको आघातलाई उनले जति मार्मिकता मिसाएर भन्छन्, त्यति बेला आशा लाग्छ, उपन्यासमा अब केही हलुङ्गोपन छाउँदै जाला । तर अहँ, लेखकले पाठकका संवेदनशीलताका सीमा सीमाहीन भएर छाम्न छाड्दैनन् । पढुन्जेल धेरै तरङ्ग मनमा आए गए । तर एउटा भने स्थिर जस्तै बसिरह्यो– केबल पढ्दा त आफूभित्रै उब्जने भावनासँग बग्न यस्तो 'इन्टेन्स' अनुभव भइरहेको छ भने सिङ्गै कथा लेख्दा त्यति लामो समयसम्म यसैमा लुटुपुटु गर्न लेखकसँग कति धेरै संवेदना भएको हुँदो हो ? मलाई भूमिराजप्रति मालतीको रोमाञ्चक स्नेहले छोएको हो । त्यसैले मलाई १५ वर्षे युवाले आफ्नो संसार जसरी हामीलाई बताउँछन्, त्यसले प्रभाव पारेको कुरा निर्धक्क भन्न सकेको हुँ ।

उपन्यासले पात्र र उसको वरिपरि बुनेको कथामार्फत व्यक्तिको भित्रभित्रसम्म पुग्न फराकिलो संसारका लागि 'स्पेस' दिन्छ । जीवनमा भोगिने अनगन्ती अनुभूति र त्यसबाट बन्ने अन्तर्दृष्टिमध्ये केही असामान्य हुन्छन्, जसको भाव अरुलाई भनूँ-भनूँ जस्तो लाग्ने हुन्छ । लेखकलाई पात्रमार्फत कथामा फैलिनलाई उपन्यासको 'फर्म'ले माध्यम दिन्छ । भूमिराज मात्र १५ वर्षका भएका कहाँ हुन् र ? यो उपन्यास पढ्ने प्राय: सबै त्यो उमेर काटेरै आएका त हौं नि । मैले किशोर अवस्थामा भोगेको भूगोल भूमिराजको परिवेश झैं कर्णालीको त थिएन । तर हरेकका आफ्नै कर्णाली हुन सक्छन् । कर्णाली नै भएनन् भने पनि कर्णाली अनुभूत गर्ने संवेदना धेरै मानिसमा हुन्छन् । ती संवेदना 'युनिभर्सल' हुन्छन् । तुइन उपन्यासको तुइन त्यसैले वास्तविक पनि हो, बिम्ब पनि हो ।

साभार : अनलाईन खबर ।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday